गौरीगङ्गा नगरपालिकाको
नगरसभाको १८औं अधिवेशनमा नगर उप-प्रमुख
श्री भोज बहादुर बमज्यू द्धारा
प्रस्तुत

आर्थिक वर्ष २०८२/८३ को

# बजेट वक्तव्य

गौरीगंगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चौमाला, कैलाली

सुदूरपश्चिम प्रदेश

२०८२ असार १०

# गौरीगंगा नगरपालिकाको नगरसभाको १८औ अधिवेशनमा नगर उप-प्रमुख श्री भोज बहादुर बम ज्यू द्धारा प्रस्तुत आ.व.२०८२/८३ को बजेट वक्तव्य

**नगर सभाका अध्यक्ष ज्यू,**

**सम्मानित नगरसभाका सदस्यहरु ज्यू,**

१. आज म नेपालको संविधानको धारा २३० अधिकार प्रयोग गरि यस गरिमामय नगर सभामा आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु। यस अवसरमा सर्वप्रथम राष्ट्रप्रति समर्पित भई राजनीतिक परिवर्तन र देशको रक्षामा आफ्नो अमुल्य जीवनको उत्सर्ग गर्नुहुनेज्ञात-अज्ञात सम्पूर्ण शहीदहरूप्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्न चाहान्छु।साथैनेपालको समग्र राजनीतिक परिवर्तनका क्रममा भएका आन्दोलनका घाइते र बेपत्ता नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

२. प्रस्तुत बजेट तथा कार्यक्रम निर्माण गर्दा स्थानीय सरकारको सामाजिक-साँस्कृतिक तथा भौगोलिक विविधता र मानव विकासको अवस्था, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा नेपालको संविधानमा निर्दिष्ट राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, मौलिक हक, सोह्रौं राष्ट्रिय आवधिक योजना, दिगो विकास लक्ष्य र कार्यापालिका सदस्यबाट प्राप्त सुझावलाई प्रमुख मार्गदर्शन बनाएको छु। त्यसैगरी, राजनीतिक दल, नागरिक समाज, निजी तथा सहकारी क्षेत्र, प्राज्ञिक एवम् बुद्धिजीवि वर्ग, आमसंचार लगायतका सरोकारवालाहरु बाट प्राप्त सुझाव समेतलाई बजेट तथा कार्यक्रम निर्माणको आधारका रूपमा लिएको छु।

**नगर सभा अध्यक्ष ज्यू,**

३. कार्यक्रम निर्माण तथा बजेट विनियोजन गर्दा स्थानीय आयोजना बैङ्कमा सुचीकृत आयोजना छनोट र प्राथमिकीकरणलाई उच्च प्राथमिकता दिँदै विस्तृत परियोजना प्रतिवेदन तयार भएका, वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न भएका, उच्च आर्थिक र सामाजिक लाभ दिने, रोजगारी सिर्जना र पुँजी निर्माणमा योगदान पुर्‍याउने रूपान्तरणकारी आयोजनालाई प्राथमिकता प्रदान गर्दै तत्काल कार्यन्वयन नहुने, साना, टुक्रे र अनुत्पादनशील आयोजना तथा कार्यक्रमलाई निरूत्साहित गर्ने नीति अवलम्बन गरेको छु । नगपालिकाको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, उद्यमशीलता प्रवर्धन, रोजगारी सिर्जना भई, गरिबी निवारणमा टेवा र बञ्चितिकरणको न्यूनीकरण, दिगो पूर्वाधार विकास र सुशासन वृद्धिमा अहम भुमिका खेल्ने आशा लिएको छु ।

४. नगरपालिकामा उपलब्ध भौतिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र मानव स्रोत साधनको समुचित परिचालन गर्दै प्रभावकारी वित्त व्यवस्थापन, संस्थागत क्षमता विकास, मानव पुँजी निर्माण, नतिजामूलक आयोजना व्यवस्थापन, पुँजीगत खर्च दक्षता अभिवृद्धिमा बजेट केन्द्रित गरेको छु ।

**सभा अध्यक्ष ज्यू,**

५. सङ्घीय लोकतन्त्र नेपालको संविधान कार्यन्वयन हुने क्रममा निर्वाचित जनप्रतिनिधिहरु मार्फत जनताले आफैलाई शासित गर्ने बातावरण निर्माण भएको छ । यस गौरीगङ्गा नगरपालिकालाई संघीयताको मर्म अनुसारका विकास प्रक्रियालाई व्यवस्थित रुपमा सञ्चालन गर्न वडा गाउँ तहबाट सिफारिस भई आएका योजना विषयगत समितिहरु र नगर कार्यपालिकाको बैठकबाट पारित भएका कार्यक्रम एवं बजेट यस सम्मानित सभामा प्रस्तुत गर्न गईरहेको छु । यस अवसरमा गौरीगङ्गाका सम्पुर्ण नगरबासीहरु लाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

अब म हाम्रो नगरपालिकाको आर्थिक वर्ष २०८२।८३ को बजेट यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्दछु।............................

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८०/८१, २०८१/८२ र २०८२/८३ को आय-व्यय विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

<u>आर्थिक वर्ष २०८०/८१</u> को **यथार्थ आम्दानी रु.६५ करोड ३१ लाख ६५ हजार ३७५** भएकोमा रु.६० **करोड ८९ लाख ०७ हजार १२२ खर्च** भई बाँकी रकम रु.४ **करोड ४२ लाख ५८ हजार २५३** बैक मौज्दातमा रहेको र चालु आर्थिक वर्ष २०८१/८२ नगरपालिकाको संचितकोषमा अ.ल्या. गरिएको व्यहोरा जानकारी गराउन चाहान्छु ।

| | |
|---|---|
| कुल आम्दानी | : रु.६५ **करोड ३१ लाख ६५ हजार ३७५** |
| कुल खर्च | : **रु.६० करोड ८९ लाख ०७ हजार १२२** |
| कुल चालु खर्च | : रु.४४ करोड ५९ लाख ८३ हजार ३७१ |
| कुल पुँजिगत खर्च | : रु.१६ करोड २९ लाख २३ हजार ७५१ |
| कुल खर्च प्रतिशत | : ९३.२२ प्रतिशत |
| चालु खर्च प्रतिशत | : ९२.२३ प्रतिशत |
| पुँजिगत खर्च प्रतिशत | : ६८.८६ प्रतिशत |

यसै गरी,

<u>चालु आर्थिक वर्ष २०८१/८२</u> मा नगरसभाबाट स्वीकृत भएको रु.७४ **करोड ३२ लाख** ४२ **हजार** १०० को प्रस्तावित संशोधित अनुमानमा **चालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्म रु.६५ करोड ७३ लाख ०५ हजार ८२९** यथार्थ आम्दानी भई कुल आम्दानी मध्ये रु.४९ **करोड ३९ लाख ३६ हजार ९२९** खर्च गरिएको व्यहोरा जानकारी गराउन चाहान्छु ।

| | |
|---|---|
| जेष्ठ मसान्तसम्मको कुल आम्दानी | : **रु.६५ करोड ७३ लाख ०५ हजार ८२९** |
| जेष्ठ मसान्तसम्मको कुल खर्च | : रु.**४९ करोड ३९ लाख ३६ हजार ९२९** |
| कुल चालु खर्च | : रु.३९ करोड ७० लाख ३६ हजार ०६८ |
| कुल पुँजिगत खर्च | : रु.९ करोड ६९ लाख ०० हजार ८६१ |
| कुल खर्च प्रतिशत | : ७५.१४ प्रतिशत |
| चालु खर्च प्रतिशत | : ७५.५० प्रतिशत |
| पुँजिगत खर्च प्रतिशत | : ४४.५९ प्रतिशत |

**यस सम्मानीत सभाका सभाध्यक्ष ज्यु,**

अब म आगामी,

**आर्थिक वर्ष २०८२/८३** का लागी तयार पारिएको यस गौरीगंगा नगरपालिकाको **रु.१ अर्ब १ करोड ७६ लाख ३३ हजार** को प्रस्तावित आय-व्यय विवरण यस सम्मानित नगरसभा समक्ष पेश गर्ने अनुमति चाहान्छु ।

❖ **प्रस्तावित आय तर्फ:**

| सि.नं. | अनुदान/राजश्वको विवरण | प्रस्तावित रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | संघीय समानीकरण अनुदान | १५,९४,००,०००.०० | १५ करोड ९४ लाख |
| २. | संघीय सशर्त अनुदान-चालु | २३,६६,००,०००.०० | २३ करोड ६६ लाख |
| ३. | संघीय सशर्त अनुदान-पुँजिगत | १,४१,००,०००.०० | १ करोड ४१ लाख |
| ४. | संघीय समपुरक अनुदान-पुँजिगत | ७३,००,०००.०० | ७३ लाख |
| ५. | संघीय विशेष अनुदान-पुँजिगत | ४०,००,०००.०० | ४० लाख |
| ६. | प्रदेश समानीकरण अनुदान | १,५०,७१,०००.०० | १ करोड ५० लाख ७१ हजार |
| ७. | प्रदेश सशर्त अनुदान-चालु/पुँजिगत | ८५,००,०००.०० | ८५ लाख |
| ८. | प्रदेश समपुरक अनुदान-पुँजिगत | १,०७,००,०००.०० | १ करोड ०७ लाख |
| ९. | प्रदेश विशेष अनुदान-पुँजिगत | ७५,००,०००.०० | ७५ लाख |

| | | | |
|---|---|---|---|
| १०. | मुल्यअभिवृद्धिकर+अन्त:शुल्क | १४,८६,१९,०००.०० | १४ करोड ८६ लाख १९ हजार |
| ११. | वन रोयल्टी | १०,००,०००.०० | १० लाख |
| १२. | घरजग्गा रजिष्ट्रेशन दस्तुर | २,८०,००,०००.०० | २ करोड ८० लाख |
| १३. | सवारी साधन कर | ६३,४८,०००.०० | ६३ लाख ४८ हजार |
| १४. | विज्ञापन कर | ३,००,०००.०० | ३ लाख |
| १५. | मनोरञ्जन कर | ३,००,०००.०० | ३ लाख |
| १६. | आन्तरिक राजश्व | ७,०९,९५,०००.०० | ७ करोड ०९ लाख ९५ हजार |
| १७. | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | २७,८९,००,०००.०० | २७ करोड ८९ लाख |
| | **कुल प्रस्तावित आय** | **१,०१,७६,३३,०००.००** | **१ अर्ब १ करोड ७६ लाख ३३हजार** |

❖ **प्रस्तावित व्यय तर्फ :**

| सि.नं. | बजेट-उपशिर्षक/शाखा/कोष/योजना तथा कार्यक्रम | प्रस्तावित रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | संघीय सरकारबाट हस्तान्तरित सर्शत-चालु कार्यक्रम | २३,६६,००,०००.०० | २३ करोड ६६ लाख |
| २. | संघीय सरकारबाट हस्तान्तरित सर्शत-पुँजिगत कार्यक्रम | १,४१,००,०००.०० | १ करोड ४१ लाख |
| ३. | संघीय सरकारबाट हस्तान्तरित समपुरक-पुँजिगत कार्यक्रम | ७३,००,०००.०० | ७३ लाख |
| ४. | संघीय सरकारबाट हस्तान्तरित विशेष-पुँजिगत कार्यक्रम | ४०,००,०००.०० | ४० लाख |
| ५. | प्रदेश सरकारबाट हस्तान्तरित सर्शत-पुँजिगत कार्यक्रम | ८५,००,०००.०० | ८५ लाख |
| ६. | प्रदेश सरकारबाट हस्तान्तरित समपुरक-पुँजिगत कार्यक्रम | १,०७,००,०००.०० | १ करोड ७ लाख |
| ७. | प्रदेश सरकारबाट हस्तान्तरित विशेष-पुँजिगत कार्यक्रम | ७५,००,०००.०० | ७५ लाख |
| ८. | प्रशासनिक खर्च | १५,७१,४०,०००.०० | १५करोड ७१लाख ४०हजार |
| ९. | शिक्षा, युवा तथा खेदकुद विकास | ७,१०,००,०००.०० | ७ करोड १० लाख |
| १०. | जनस्वास्थ्य प्रवर्धन | १,६६,००,०००.०० | १ करोड ६६ लाख |
| ११. | कृषि विकास | ७५,००,०००.०० | ७५ लाख |
| १२. | पशुपक्षी सेवा | ६०,००,०००.०० | ६० लाख |

| | | | |
|---|---|---|---|
| १३. | महिला, बालबालिका तथा जेष्ठ नागरिक विकास | ४२,५०,०००.०० | ४२ लाख ५० हजार |
| १४. | भुमि व्यवस्था तथा सहकारी प्रवर्दन | ४७,००,०००.०० | ४७ लाख |
| १५. | न्यायिक समिति तथा कानुन | ३५,००,०००.०० | ३५ लाख |
| १६. | सुचना प्रविधि | १५,००,०००.०० | १५ लाख |
| १७. | सीप विकास तथा रोजगार | ३०,००,०००.०० | ३० लाख |
| १८. | उद्यमशिलता विकास | १०,००,०००.०० | १० लाख |
| १९. | पञ्जीकरण व्यवस्थापन | ५,००,०००.०० | ५ लाख |
| २०. | राजश्व परिचालन तथा बजार व्यवस्थापन | ८,००,०००.०० | ८ लाख |
| २१. | जिन्सी व्यवस्थापन | २५,००,०००.०० | २५ लाख |
| २२. | योजना तथा पुर्वाधार विकास | ३,७८,४३,०००.०० | ३करोड७८लाख ४३ हजार |
| २३. | नगर समपुरक कोष | ३,००,००,०००.०० | ३ करोड |
| २४. | विपद व्यवस्थापन | १,००,००,०००.०० | १ करोड |
| २५. | वडा कार्यालय तर्फ (११ वडा) | ९,२२,००,०००.०० | ९ करोड २२ लाख |
| २६. | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | १७,८९,००,०००.०० | १७ करोड ८९ लाख |
| | **कुल प्रस्तावित व्यय** | **१,०१,७६,३३,०००.००** | **१अर्ब१करोड७६लाख३३हजार** |

❖ **<u>वडा कार्यालय तर्फ (१-११ वडा )</u>:**

| सि.नं. | विवरण | प्रस्तावित रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | १ नं. वडा कार्यालय | ८५,००,०००.०० | ८५ लाख |
| २. | २ नं. वडा कार्यालय | ८४,००,०००.०० | ८४ लाख |
| ३. | ३ नं. वडा कार्यालय | ८३,००,०००.०० | ८३ लाख |
| ४. | ४ नं. वडा कार्यालय | ८५,००,०००.०० | ८५ लाख |
| ५. | ५ नं. वडा कार्यालय | ८४,००,०००.०० | ८४ लाख |
| ६. | ६ नं. वडा कार्यालय | ८३,००,०००.०० | ८३ लाख |
| ७. | ७ नं. वडा कार्यालय | ८२,००,०००.०० | ८२ लाख |

| | | | |
|---|---|---|---|
| ८. | ८ नं. वडा कार्यालय | ८५,००,०००.०० | ८५ लाख |
| ९. | ९ नं. वडा कार्यालय | ८४,००,०००.०० | ८४ लाख |
| १०. | १० नं. वडा कार्यालय | ८२,००,०००.०० | ८२ लाख |
| ११. | ११ नं. वडा कार्यालय | ८५,००,०००.०० | ८५ लाख |
| | **कुल प्रस्तावित रकम** | **९,२२,००,०००.००** | **९ करोड २२ लाख** |

यसरी प्रस्तुत गरिएको बजेट तथा कार्यक्रमको विस्तृत विवरण अनुसुचीहरुमा संलग्न गरिएको छ ।

गौरीगङ्गा नगरपालिका आफैमा ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक, भौगोलिक, आर्थिक तथा धार्मिक दृष्टिकोणले महत्वपूर्ण रहेको विषय यहाँहरूमा अवगतै छ । स्वावलम्बी, आत्मनिर्भर अर्थतन्त्रको विकास मार्फत विकासका क्षेत्रमा अहिलेसम्म भएका सकारात्मक प्रयास, राजनैतिक दलहरूबाट भएको सहयोग, विकास साझेदारहरूको सतप्रयास, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूको सहयोग, सङ्घियताको मर्मअनुरुप सँघ र प्रदेश सरकारसँगको समन्वय र सहकार्य, निजी क्षेत्रको सहयोग तथा आम नगर बासीको विकास प्रतिको चासो र सकारात्मक सोच गौरीगङ्गाको समग्र विकासका लागि हामीले अवसरका रूपमा लिएका छौं ।

उल्लेखित सम्भावनाका बावजुद हाम्रा सामु थुप्रै चुनौती र समस्याहरू पनि रहेका छन् । नेपाल सरकारको राजस्व संकलनमा आएको न्यूनता तथा नगरपालिकाको सीमित आर्थिक स्रोतका कारण र तहगत सरकारबीच बजेट तथा कार्यक्रम तर्जुमा, आयोजना कार्यान्वयन र नीति व्यवस्थापनका विषयमा प्रभावकारी समन्वय, सहकार्य तथा सामञ्जस्यताहुन नसक्दा जनताको अपेक्षित उपलब्धि हासिल गर्न सकिएको छैन्। मानव विकास सूचकाङ्कका तीन ओटा आधारहरू: जीवन प्रत्याशा, आधारभूत शिक्षामा पहुँच र प्रतिव्यक्ति आम्दानीमा हामीले धेरै उपलब्धिहरू हासिल गर्न अझै बाँकी छ । यो सँगसँगै हाल बढ्दो शिक्षित बेरोजगारी, लागूऔषध दुर्व्यसन, जलवायु परिवर्तनको बढ्दो जोखिम र प्राकृतिविपद व्यवस्थापन आदि हाम्रा लागि ठूलो चुनौती बनेका छन् । / हाम्रा केही सामाजिक आर्थिक विकृति र कुसँस्कार एवम् कुरीतिहरू पनि विकासका वाधक रहेका छन् ।

निर्वाहमुखी र गुजरबसरमा सीमित कृषिलाई व्यवसायीकरण गर्नुपर्ने चुनौती ज्यू का त्यूँ छ । मौजुदा सामाजिक तथा लैंगिक विभेद आशातित मात्रामा घटाउन सकिएको छैन । रोजगारीका पर्याप्त र आकर्षक अवसर नहुँदा विदेशिनु पर्ने पीडा छँदैछ । युवाहरूमा बढ्दो बिदेश मोह, उत्पादनमूलक उद्योग व्यवसाय क्षेत्रमा कमी आएको छ । बेरोजगारी दर बढ्दो क्रममा छ । यसका साथै शिक्षित तथा सिप भएका युवाका लागि स्वदेशमै कृषि, उद्योग, पर्यटन लगायतका क्षेत्रमा रोजगारी सिर्जना गर्नु अत्यावश्यक भईसकेको छ । गुणस्तरीय विद्यालय शिक्षा, आधारभूत स्वास्थ्य सेवामा सुधार, पूर्वाधार तथा प्रविधिका क्षेत्रमा समयानुकुल सन्तुलित विकास गर्दै गरिबी घटाउन सहभागितामूलक प्रयासको खाँचोलाई यस बजेटले सहयोग पुर्याउने अपेक्षा गरेको छु ।

अन्तमा,

आम नगरबासीहरुको हामी प्रतिको अपनत्व, सद्भाव, त्याग र समर्पणले विकास प्रतिको चाहना झनझन उत्कर्षमा पुगेको छ । हामी सबैको सदिच्छा र सत्प्रयासबाट मात्रै विकास सम्भव छ । यँहाहरूको चाहना र हाम्रो सपना सम्भव छ । हरित, समृद्ध, आधुनिक, सामाजिक न्यायपूर्ण र सुशासनयुक्त नागरिकमैत्री गौरीगङ्गा नगरपालिका बनाउन हाम्रो सामुहिक प्रयास जारी रहने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु।

आजको यस पावन अवसरमा जननिर्वाचित नगर उपप्रमुखको रुपमा यस नगरपालिकाको चौथो बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरव अनुभुत गरेको छु । बजेटको सकारात्मक कार्यान्वयनका लागी यहाँहरू सबैको सहयोग र सहकार्यको आशा राख्दै बिदा हुन्छु ।

।।।धन्यवाद, जय नेपाल।।।

भोज बहादुर बम
नगर उप-प्रमुख
गौरीगंगा नगरपालिका
२०८२/०३/१०